## 2019-20 स्कूल वर्षको अवधिमा:

- पब्लिक स्कूलमा भर्ना हुने 12 लाख 70 हजार शिशुहरू बेघर नै थिए
- कलराडोका 21,420 विद्यार्थीहरूलाई मेकेनि-भेन्टो (McKinney- Vento)-को लागि योग्य ठहर भएको पाइएको थियो
- मेकेनि-भेन्टो (McKinney- Vento)-को लागि योग्य ठहर भएका 2,400 विद्यार्थीहरू जेफ्को पब्लिक स्कूल्स (Jeffco Public Schools) अन्तर्गत पर्ने पब्लिक स्कूलमा पढिरहेका थिए
- आर्थिक कठिनाइले गर्दा मेकेनि-भेन्टोको लागि योग्य ठहर भएका जेफ्कोका लगभग 80% विद्यार्थीहरूले अन्य व्यक्तिहरूको घर साझा गर्नुपरिरहेको थियो


घरबारविहीन विद्यार्थीहरूको लागि राष्ट्रिय केन्द्र।" घरबारविहीन विद्यार्थीहरूको लागि राष्ट्रिय केन्द्र (National Center for Homeless Education, NCHE), https://profiles.nche.seiservices.com/ConsolidatedStateProfile.aspx.

घरबारविहीन विद्यार्थीहरूसित सम्बद्ध डेटा। CDE. [एन.डी. (n.d.)]। https://www.cde.state.co.us/studentsupport/homeless_data" बाट मार्च 21, 2022-को दिन खोजेर निकालिएको


## रेफरलहरू अनि संसाधनहरू:

https://tinyurl.com/47zsw8da

## इनटेक लाइन

303-982-1144

संसोधित
2022-2023

JEFFCO PUBLIC SCHOOLS

# समुदाय र परिवार कनेक्सनहरू

हरेक शिशुको कार्यसिद्धिलाई सुनिश्चित गर्नको लागि पहुँच, समान अधिकार, तथा अवसर।

## मेकेनि-भेन्टो घरबारविहीन सहायता ऐन (McKinney-Vento Homeless Assistance Act)-ले घरबारविहीनतालाई राती बस्नको लागि कुनै निश्चित, नियमित साथै यथेष्ट स्थानको अभाव भनी परिभाषित गरेको छ।

### योग्य ठहर हुनको लागि आवश्यक सर्तहरूमा निम्न सामेल छन्:

- आर्थिक कठिनाइको कारण अन्यहरूको घर साझा गर्नु
- मोटल/होटलहरूमा बस्नु
- आपतकालीन आश्रयस्थलहरूमा वा ट्रान्जिशनल् अर्थात् स्थितिमा परिवर्तन हुने गृह कार्यक्रमहरू अन्तर्गत बस्नु
- विश्राम वाहन (RV)-हरू, अपर्याप्त ट्रेलर पार्कहरू, वा क्याम्पग्राउण्डहरूमा बस्नु
- कारहरू, पार्कहरू, परित्याग गरिएका भवनहरू, वा बस/ट्रेन स्टेशनहरूमा बस्नु
- मानिसहरू बस्नको लागि अनुपयुक्त सार्वजनिक/निजी स्थानहरूमा बस्नु
- अस्पतालहरूमा परित्याग गरिएका
- यस्ता कुनै पनि स्थितिहरूमा रहेका बसाइ सरी आएका शिशुहरू

साथमा कोही नभएको युवा ती विद्यार्थीहरूलाई भनिन्छ जो आमाबुवा वा कानुनी अभिभावकको भौतिक संरक्षणमा छैनन्।

## मेकेनि-भेन्टो घरबारविहीन सहायता ऐनले बेघर शिशुहरू वा युवाहरूको नियमित शिक्षालाई सुनिश्चित गर्छ।

- निवास-स्थान, प्रतिरक्षण खोपहरूको प्रमाण विना तथा स्कूल रेकर्डहरू वा अन्य कागजातहरू विना नै तत्काल नाउँ दर्ता
- घरबारविहीनताको अवधिभरि अनि शैक्षिक वर्षको अन्तसम्म मूल स्कूलमा शिक्षा जारी राख्नको लागि नियमित रूपमा स्कूलको सुविधा
- विद्यार्थी बसोबासो गर्ने क्षेत्र अन्तर्गत पर्ने कुनै पनि पब्लिक स्कूलमा भर्ना
- मूल स्कूलमा यातायातको सुविधा
- नि:शुल्क दिउँसोको भोजन कार्यक्रममा अनि स्कूलका अन्य संसाधनहरू प्राप्त गर्ने कार्यक्रममा नाउँ दर्ता
- विद्यार्थीहरूलाई सम्पूर्ण वा आंशिक कोर्सवर्क अर्थात् पाठ्यक्रम कार्यको लागि वा अनुपस्थिति निम्ति यथोचित क्रेडिट प्राप्त गर्नबाट वञ्चित गर्ने तगारोहरूको पहिचान गरी त्यसलाई हटाउनु
- पेसावाल परामर्शदाताहरूबाट सहायता
- FERPA अन्तर्गत निजता संरक्षण

## मेकेनि-भेन्टो निम्ति योग्य ठहर भएका विद्यार्थीहरू थप समर्थनहरूको लागि पनि योग्य ठहरिन सक्छन्।

### स्कूल समर्थनकारी सेवाहरू

- भर्नामा सहायता
- यातायात सुविधाको लागि सहायता
- नि:शुल्क दिउँसोको भोजनको लागि नाउँ दर्ता
- शुल्कहरूको लागि सहायता
- क्रेडिटको पुनर्प्राप्ति निम्ति सहायता
- शिक्षणमा सहायता
- डिस्ट्रिक्टका अन्य संसाधनहरूसित जोडिनु

### मूलभूत आवश्यकताहरू

- स्कूल आपूर्तिहरू
- स्वास्थ्यसम्बन्धी सामग्रीहरू
- भोजनसम्बन्धी सहायता
- वस्त्रसम्बन्धी सहायता
- आश्रयस्थल अनि ट्रान्जिशनल् अर्थात् स्थितिमा परिवर्तन हुने गृह कार्यक्रम निम्ति रेफरलहरू
- भाडा-किरायामा सहायता निम्ति संसाधनहरू
- सामुदायिक संसाधनहरूसित जोडिनु

### चिकित्सकीय सहायता

- Medicaid/CHP+ -मा नाउँ दर्ताको लागि सहायता
- दन्त चिकित्सा/आँखा जाँच जस्ता सुविधाहरू निम्ति रेफरलहरू
- स्वास्थ्य-आधारित अन्य संसाधनहरूसित सम्पर्क